नेपाल सरकार
# विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३
च.नं. :- १०७

मिति :- वि.सं. २०८२/०५/१३

ने.स. :- ११४५ जलाथ्व, ६ शुक्रवार

विषयः अनलाइन जुवा, सट्टाबाजी, बेटिङ्ग लगायतको विज्ञापन नगर्ने नगराउने सम्बन्धी अत्यन्त जरुरी सूचना।

सामाजिक सञ्जाल (फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, टिकटक, युट्युब जस्ता), छापा, अनलाइन तथा विद्युतीय सञ्चारमाध्यम लगायतमा अनलाइन जुवा, बेटिङ्ग, सट्टाबाजी (1XBAT, MELBAT, wolf-777Dafa newsHEMABet, baji $_{bj88}$/baji आदि वेवसाइट/अनलाइन साइट) समेतका प्रचलित कानूनले निषेध गरेका विज्ञापनहरु प्रसारण गरी आम नेपाली नागरिकहरुलाई आय आर्जन हुने भनी प्रलोभनमा पारी, भ्रम सिर्जना गरी ठगी गरेको भनी बोर्डमा उजुरी प्राप्त भईरहेको छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ को उपदफा १ (ख) मा जुवा खेल्न खेलाउन वा प्रचलित कानून बमोजिम अनुमति नलिएको चिट्टा किन्न किनाउन प्रोत्साहन गर्ने विषयमा विज्ञापन गर्न नहुने, ऐ ऐनको दफा ५ को खण्ड (छ) मा प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका विषयमा विज्ञापन गर्न नहुने व्यवस्था तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (१) मा जुवा खेल्न वा खेलाउन नहुने, उपदफा (२) को स्पष्टीकरणको (२) मा जुवा खेल्नको लागि कुनै किसिमको साधन उपलब्ध गराउनेलाई जुवा खेलाउने व्यक्तिका रुपमा परिभाषित गरेको, उपदफा (४) मा सट्टाबाजी गर्न वा गराउन नहुने लगायतको ब्यवस्था गरी नेपालमा जुवा, बेटिङ्ग, सट्टाबाजीसम्बन्धी कुनै पनि किसिमको विज्ञापन प्रकाशन, प्रसारण र प्रदर्शन निषेध गरेको व्यहोरा सबैलाई विदितै छ।
तसर्थ सबै प्रकारका सञ्चारमाध्यम, सामाजिक सञ्जाल पेज, वेवसाइट वा व्यक्ति/संस्थाले अनलाइन जुवा, बेटिङ्ग तथा सट्टाबाजी लगायतका प्रचलित कानूनले निषेध गरेका विज्ञापनहरु प्रकाशन, प्रसारण र प्रदर्शन नगर्न नगराउनुहुन तथा त्यस प्रकारका विज्ञापन प्रकाशन, प्रसारण र प्रदर्शन भएको भए तत्काल हटाउनु हुन सम्पूर्ण सञ्चारमाध्यम, विज्ञापन व्यवसायी, डिजिटल प्लेटफर्म सञ्चालक तथा आम नागरिकलाई अनुरोध सहित यो सूचना जारी गरिएको छ।

साथै त्यस प्रकारका विज्ञापन प्रकाशन, प्रसारण र प्रदर्शन गरे गराएको पाईएमा कानून बमोजिम कारबाही हुने व्यहोरा समेत अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
**Devi Pandey Khatri**
**devipandey2039@gmail.com**

(देवी पाण्डे (खत्री))
प्रमुख प्रशासकीय अधिकृत

इमेलः info@adboard.gov.np फोन नंः +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/